सोरु गाउँपालिकाद्धरा प्रकाशित

# स्थानीय राजपत्र

**खण्ड: १** गाउँसभाबाट स्वीकृत मितिः २०७६।११।१८

**भाग-२**

# सोरु गाउँपालिकाको शिक्षा ऐन,२०७६

नेपालको संविधानको २०७२ को धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा दफा ११(छ) १ वमोजिम सोरु गाउँपालिकाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ।

विरेन्द्र मल्ल
प्रमुख प्रशासकीय अधिकृत

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

## सोरु शिक्षा ऐन, २०७६

प्रस्तावना: राष्ट्रिय विकासको लागी आवश्यक दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न सोरु गाउँपालिका भित्र स्थापना भई सञ्चालन भैरहेका तथा स्थापना हुने विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ (२ ) ज बमोजिमका अधिकारहरु कार्यान्वयनका माध्यमबाट गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधानको धारा २२६ (१), "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद –५ दफा २० र २१" बमोजिम सोरु गाउँ सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:-**

(क) यस ऐनको नाम "सोरु शिक्षा ऐन, २०७६" रहेको छ।
(ख) यो ऐन सोरु गाउँपालिका क्षेत्र भर लागू हुनेछ।
(ग) यो ऐन प्रमाणिकरण भएको मितिदेखि प्रारम्भ हुने छ।

**२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-**

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।
(ख) "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल विकास केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ।
(ग) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ।
(घ) "निम्न माध्यमिक शिक्षा" भन्नाले कक्षा छ देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।
(ङ ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।
(च) "गाउँपालिका" भन्नाले नेपालको संविधान,बमोजिम गठन भएको गाउँपालिका सम्झनु पर्छ। सो शब्दले सोरु गाउँपालिकालाई जनाउने छ।
(छ) "कार्यपालिका" भन्नाले सोरु गाउँकार्यपालिकालाई सम्झनु पर्छ।
(ज) "गाउँ सभा" भन्नाले सोरु गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ।
(झ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।
(ञ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।
(ट) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापगाँउइने शिक्षालाई सम्झनु पर्छ।
(ठ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार तथा गाउँपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।
(ड) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा संचालन गर्न अनुमती वा स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका विद्यालयलाई सम्झनु पर्छ।
(ढ) "धार्मिक विद्यालय" भन्नाले गुम्बा,गुरुकुल, आश्रम र मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई सम्झनु पर्छ।
(ण) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।
(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।
(थ) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ।
(द) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार,गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ।
(ध) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ।
(न) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।
(प) "तालिम केन्द्र"भन्नाले यस ऐन बमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई सम्झनु पर्छ।
(फ) "पुस्तकालय" भन्नाले नेपाल सरकार तथा गाउँपालिकाबाट अनुमति लिई संचालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था सम्झनु पर्छ।
(ब) "शैक्षिक परामर्श केन्द्र" भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा गाउँपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई सम्झनु पर्छ।
(भ) "शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्छ।
(म) "प्रादेशिक शिक्षा ऐन" भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्छ।
(य) "शिक्षा अधिकृत"भन्नाले गाउँपालिकाको शिक्षा विभाग /महाशाखा वा शिक्षा एकाईको प्रमुख अधिकृत कर्मचारी सम्झनु पर्छ।
(र) "शिक्षा शाखा"भन्नाले गाउँपालिकाको शिक्षा विभाग /महाशाखा वा शिक्षा एकाई सम्झनु पर्छ र "शिक्षा प्रमुख" भन्नाले स्थानिय तहको शिक्षा हेर्ने अधिकारी सम्झनु पर्छ।
(ल) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येबाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई सम्झनु पर्छ।
(व) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक तथा प्रशासकिय प्रमुखको रुपमा काम समेत गर्नेगरी तोकिएको शिक्षक सम्झनु पर्छ।
(श) "प्रबन्धक" भन्नाले संस्थागत विद्यालयको व्यवस्थापक वा सञ्चालकको काम गर्ने गरी तोकिएको व्यक्ति सम्झनु पर्छ।
(ष) "शिक्षक" भन्नाले विद्यालयमा पठन पाठन गर्ने गराउने गरी तोकिएको अध्यापक सम्झनु पर्छ।

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

३. विद्यालय खोल्न अनुमति लिनुपर्ने:-

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न वा तह थप गर्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिकामा अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक छानविन गरि प्रक्रिया अगाडि बढाइने छ।
क जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा आधारभुत तहको हकमा शिक्षा समितिको सिफरिसमा शिक्षा शाखा प्रमुखले अनुमति दिनेछ र माध्यमिक तहको हकमा शिक्षा समितिको सिफरिसमा गाउँकार्यपालिकाको निर्णय अनुसार शिक्षा शाखा प्रमुखले अनुमति दिनेछ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिकामा निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित पेश गर्ने छ र माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिस भएमा तोकिए बमोजिम शिक्षा शाखा प्रमुखले पुन: अनुमति तथा स्वीकृति दिन सक्नेछ।

(५) उपदफा (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैन:- (क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय, (ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाईसञ्चालन भएको विद्यालय। (ग) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय।

(६) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :- (क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने, (ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने, (ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने, (घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

(७) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन।

(८) यस अघि नियमानुसार दर्ता भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम सञ्चालन भएको मानिनेछ तर त्यसता विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ।

(९) संस्थागत विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण वापत माध्यमिक विद्यालयको हकमा पाँच लाख, आधारभुत (६ ( ८) को हकमा दुई लाख पचास हजार र १ ( ५ को हकमा एक लाख पचास हजार रुपैया धरौटीका रुपमा राख्नुपर्छ।

(१०) उपदफा ९ बमोजिम धरौटी रकम गाउँपालिकाको कर्मचारी र विद्यालयको प्रतिनिधिको संयुक्त दस्तखतमा विद्यालयको नाममा मुद्दती खातामा धरौटी रकम जम्मा गर्नुपर्ने छ।

(११) गाउँपालिकाले तोके बमोजिम विद्यालयमा वा छुट्टै समुदायमा बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(१२) गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह संचालन गर्न पाउनेछ। वाल गृह संचालनको लागि आवश्यक प्रकृया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

(१३) सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने: गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ। यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ।

**४ गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने:-**

गाउँपालिकाले तोकिएबमोजिम गाउँ क्षेत्र भित्र नियमानुसार सञ्चालनमा रहेका ३० मिनेटको हिडाईको दुरी भित्र पर्ने कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ। सो सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५. परीक्षा सञ्चालन , समन्वय तथा गुणस्तर मापन :-**

गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूको परीक्षा सञ्चालन , व्यवस्थापन तथा समन्वय गर्न एक परीक्षा सञ्चालन , व्यवस्थापन तथा समन्वय समिति रहने छ। सो समिति देहाय बमोजिम गठन हुनेछ।

(क) शिक्षा समितिको अध्यक्ष - अध्यक्ष
(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी - सदस्य
(घ) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय - सदस्य
(ङ) शिक्षा प्रमुख - सदस्य-सचिव

(१) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(२) स्थानीय तहको क्षेत्राधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ।

(३) कक्षा ५ र कक्षा ८ को परीक्षा संचालन गाउँ शिक्षा समितिको निर्णय अनुसार हुनेछ।

(४) उपदफा २ र ३ वाहेकको कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्ने छ। तर शैक्षिक गुणस्तर कायम गर्न र तोकिए बमोजिका कक्षाहरुको वार्षिक परीक्षाको एकरुपताका लागि विद्यालयहरुको समुह बनाइ गाउँपालिका स्तर वा क्षेत्र विशेषको परीक्षा समिति गाउपालिकामा सुचिकृत गरी परीक्षा संचालन गर्न सकिने छ।

(५) परीक्षा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

वीरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

६. माध्यमिक शिक्षाको प्रकार:-
माध्यमिक शिक्षा देहाय बमोजिम हुनेछ। :-
(क) साधारण माध्यमिक शिक्षा,
(ख) संस्कृत माध्यमिक शिक्षा,
(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :-
गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

८. शिक्षाको माध्यम :-
(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम भाषा देहाय बमोजिम हुन सक्नेछ :-
(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ।
(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ।
(ग) भाषा विषयमा अध्ययगाँउाउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ।
(घ) अनिवार्य अंग्रेजी विषय अध्ययगाँउाउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ।
(ङ) भाषा विषय बाहेक अन्य विषयको अध्यापन क्रमश अंग्रेजी भाषामा गराउन सकिनेछ।

९. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :-
विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरूप सिकाइ उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानीय तहको पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी लागू गर्न सक्नेछ। सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्न सक्नेछ।

१०. गाउँ शिक्षा समिति:-
(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि गाउँशिक्षा समिति रहनेछ। सोको गठन देहाय बमोजिम हुनेछ।
(क) गाउँपालिकाको अध्यक्ष वा गाँउपालिकाको प्रमुख वा सो काम गर्न तोकिएको व्यक्ति -अध्यक्ष
(ख) गाउँपालिका तोकेको गाउँपालिका वा गाँउपालिकाको सदस्यहरुमध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य
(ग) सम्बन्धित गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको एकजना -सदस्य
(घ) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउँ शिक्षा समिति वा गाँउ शिक्षा समितिबाट मनोनीत एकजना दलित र दुईजना महिला सहित तीनजना -सदस्य
(ङ) सम्बन्धित गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट सम्बन्धित गाउँपालिका वा गाँउपालिकाले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य
(च) सम्बन्धित गाउँपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समिति वा गाँउ शिक्षा समितिले मनोनीत गरेको अपाङ्गता भएका व्यक्ति एकजना -सदस्य
(छ) सम्बन्धित गाँउपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको शिक्षा अधिकृत वा शिक्षा प्रमुख -सदस्य-सचिव
(१क) गाउँपालिका क्षेत्र भित्रका विद्यालयका प्रधानाध्यापकहरु र नेपाल शिक्षक महासंघको प्रतिनिधिलाई उपदफा (१) बमोजिमको समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गरिनेछ।
(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ। मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण गाँउेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।
(३)गाउँ शिक्षा शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।
(४) शिक्षा समितिको बैठक भत्ता गाउँपालिकाको प्रचलित कानुन अनुसार हुनेछ।
(११). गाउँ शिक्षा समितिको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) बालबालिकालाई कम्तीमा प्राथमिक शिक्षासम्मको अध्ययगराउन प्रोत्साहन गर्ने,
(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिः समेतको आधारमा विवरण बनाई अद्यावधिक गराइ राख्ने,
(ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराई राख्ने तथा त्यस्तो योजनाको अनुगमगरि सम्बन्धित निकायमा सुझाव पठाउने,
(घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बा"डफा"ड गर्ने,
(ङ) गरीबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,
(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरिवेक्षण र अनुगमगरि प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,
(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालीम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन गर्ने,
(ज) विद्यालयको भौतिक स्थितिको अध्ययगरि रकम निकासाको लागि सञ्चालक समितिमा अनुरोध गर्ने,
(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्ने,
(ञ) गाउँ शिक्षा योजना बनाई गाउँ परिषद्बाट स्वीकृत गरी कार्यान्वयन गर्ने,

बिरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

CS CamScanner

(ट) सम्बन्धित गाउँ क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राख्ने,
(ठ) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,
(ड) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,
(ढ) विद्यालयको आवश्यकता सम्बन्धमा विद्यालयको नक्साङ्कन समेतलाई विचार गरी विद्यालय स्थापना गर्न सिफारिस गर्ने,
(ण) विद्यालय स्तरीय अन्तर खेलकूद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालगाँउउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने ।
(त) गाउँपालिकामा कुनैपनि कारणले गाउँ शिक्षा समिति गठन नभएको अवस्थामा गाउँ शिक्षा समितिले गर्ने काम सबै गाउँकार्यपालिकाले गर्नेछ ।

**१२. गाउँ शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधि :-**

(१) गाउँ शिक्षा समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ ।
(२) गाउँ शिक्षा समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।
(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ शिक्षा समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा सदस्य-सचिवले जहिलेसुकै पनि गाउँ शिक्षा समितिको बैठक बोलाउनु पर्नेछ ।
(३क) गाउँ शिक्षा समितिको बैठकमा गाउँ विकास समिति क्षेत्रभित्रका विद्यालयका प्रधानाध्यापकहरुलाई आमन्त्रण गर्न सकिनेछ ।
(४) गाउँ शिक्षा समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य-सचिवले साधारणत: तीन दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।
(५) गाउँ शिक्षा समितिका तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा गाउँ शिक्षा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।
(६) गाउँ शिक्षा समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा गाउँ शिक्षा समितिको बैठकमा उपस्थित सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।
(७) गाउँ शिक्षा समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।
(८) गाउँ शिक्षा समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरि राख्नुपर्नेछ ।
(९) गाउँ शिक्षा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**१३. प्रशासकीय प्रमुखको काम, कर्तव्य र अधिकार:-**

ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाँउपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने /गराउने,
(ख) गाँउ कार्य सम्पादन नियमावलिमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धि कार्य गर्ने,
(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,
(घ) कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धि कार्य गर्ने ,
(ङ) गाँउपालीकाको उत्कृष्ट शैक्षिक उपलब्धिका लागि शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गर्ने र सो उपलब्धीपूर्ण रहे नरहेको निरन्तर अनुगमन गर्ने ,

**१४. शिक्षा प्रमुखका काम,कर्तव्य र अधिकार :-**

: ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा प्रमुखका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाँउ कार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,
(ख) शिक्षा सम्बन्धी प्रस्तावहरु गाँउपालिकामा पेश गने,
(ग) शिक्षा सम्बन्धी गाँउ स्तरीय योजना बनाई कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,
(घ) स्थानीय तहको शिक्षाको अवस्था, प्रगति आदि समेटिएको शिक्षा सम्बन्धी स्थितिपत्र तयार गरी प्रत्येक वर्षको चैत्र मसान्त भित्र प्रकाशित गर्ने,
(ङ) स्वीकृत अनौपचारिक शिक्षा, विशेष आवश्यकता शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने,
(च) विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को समुदायिक विद्यालयमा मिलान गर्ने शिक्षा समितिमा सिफारिश गर्ने,
(छ) स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,
(ज) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिमको संचालन गर्ने,
(झ) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा संचालन समितिको सदस्य सचिव भइ कार्य गर्ने,
(ञ) विद्यालयको कक्षा ५ तथा ८ को परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाई जाँच , विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कनगरि अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक काम गर्ने,
(ट) गाँउपालिका भित्र रहेका कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा संस्थागत विद्यालयहरुको शैक्षिक कार्य योजनाको समन्वय र अनुगमगरि सुधारका लागि सुझाव प्रस्तुत गर्ने
(ठ) ऐन तथा यस नियमावली बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार गर्नु वा विद्यालय बन्द गर्नु पर्ने भएमा तत् सम्बन्धी कारवाही प्रक्रिया अगाडि बढाउने ,
(ड) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको लागि रजिष्ट्रेशन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानून बमोजिम संशोधन गर्ने,
(ढ) नियुक्ति वा बढुवाको लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा पदस्थापन गर्ने,
(ण) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,
(त) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कगरि त्यसको विवरण आयोगमा पठाउने,
(थ) विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रको निरीक्षण गर्ने, गराउने,

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

(द) मन्त्रालयले तोकिदिए बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयहरूको समूह विभाजनगरि स्रोत केन्द्र निर्धारण गरि स्रोत व्यक्ति नियुक्ति गर्ने र स्रोत केन्द्रबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने,

(ध) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा, माध्यामिक शिक्षा परीक्षा र आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने,

(न) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक सत्रको सुरुमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(प) निरीक्षकलाई विद्यालय निरीक्षणको सुचक बनाई निरिक्षण गर्न पठाउने र निरीक्षकले विद्यालय निरीक्षण गरे नगरेको यकिन गर्न स्थलगत निरीक्षण गर्ने,

(फ) गाँउपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने ,

(ब) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

(भ) विद्यालयमा लागू गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र नि:शुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

(म) विद्यालयहरुको लेखा परीक्षणको व्यवस्था मिलाउने तथा लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र बेरुजु फर्छ्यौट गर्न लगाउने,

(य) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

(र) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

(ल) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमगरि सो अनुसार गर्ने, गराउने,

(व) विद्यालय निरीक्षक र स्रोत व्यक्तिले दिएको निरीक्षण प्रतिवेदन उपर कारवाही गर्ने

(श) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,

(ष) सामुदायिक विद्यालयको स्वीकृत, रिक्त दरबन्दीमा पदपूर्तिको लागि आयोगमा लेखी पठाउने,

(स) कार्यपालिकाबाट स्वीकृत मापदण्डको आधारमा शिक्षकको सरुवा तयारी गर्ने,

(ह) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षकलाई विद्यालय समय बाहेक वा विद्यालयको नियमित पठन पाठनमा असर नगर्ने गरी अतिरिक्त समयमा अन्यत्र कार्य गर्न पूर्व स्वीकृति प्रदान गर्ने,

(क्ष) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ,प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कार तथा दण्डका लागि कार्यपालिका समक्ष सिफारिश गर्ने ,

(त्र) निजी, धार्मिक तथा गुठी विद्यालयको अनुगमन गरि स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि कार्यपालिका समक्ष सिफारिश गर्ने ,

(ज्ञ) गाँउकार्यपालिका, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्बन्धित आयोगहरुबाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने ,

**१५. अनुगमन समिति :-**

(१) विद्यालयको आर्थिक, भौतिक तथा व्यवस्थापकिय एवं शैक्षिक कार्यक्रमहरुको प्रभावकारिताको अध्ययन , गुणस्तर पहिचान, पृष्ठपोषण र प्रवर्धन समेतको कार्य गर्न एक शैक्षिक अनुगमन समिति रहने छ। सोको गठन देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| (ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) सामाजिक विकास समिति,संयोजक | सदस्य |
| (ङ) सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| (च) शिक्षा प्रमुख | सदस्य सचिव |

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१६. सामुदायिक सिकाई केन्द्र सञ्चालन**

गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

**१७. अध्यापन अनुमतिपत्र**

विद्यालय शिक्षकका रुपमा कार्य गर्न अध्यापन अनुमतिपत्र अनिवार्य हुनेछ। अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१८. अनुदानको व्यवस्था**

(क) यो ऐन प्रारम्भ हुँदाका बखत दिइदै आएको अनुदान रकम तोकिए बमोजिम गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ।

(ख) गाउँपालिकाले सामुदायिक विद्यालयहरूलाई थप अनुदान उपलब्ध गराउन सक्नेछ।

**१९. छात्रवृत्तिको व्यवस्था**

(१) गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

(२) गाउँपालिकाले धार्मिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

**२० . प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान**

(१) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ।

(३) गाउँपालिकाले अनुमति दिएकाप्रारम्भिक बाल विकास केन्द्रका बालबालिकालाई दिवाखाजाको व्यवस्था गाउँपालिकाले गर्न सक्नेछ।

**२१. प्रारम्भिक बाल शिक्षासम्बन्धी व्यवस्था**

प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२२.. विद्यालय व्यवस्थापन समिति:-**

(१) सामुदायिक विद्यालय तथा धार्मिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहाय बमोजिम विद्यालय व्यवस्थापन समिति रहनेछ:-

बिरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

(क) अभिभावकले आफूहरु मध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना -सदस्य
(ख) विद्यालय रहेको सम्बन्धित वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एक जना -सदस्य
(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना-सदस्य
(घ) विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना -सदस्य
(ङ) विद्यालयको प्रधानाध्यापक सदस्य-सचिव
(२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग सम्बन्धित गाउँस्तरका उद्योग तथा वाणिज्य महासंघका दुईजना प्रतिनिधी सदस्य रहन सक्नेछन् ।
(३) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन् ।
(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड क र ग बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।
(५) अध्यक्षको अनुपस्थितिमा वा अध्यक्ष छनौट नहुँदासम्मका लागी जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।
(६) उपनियम (१) बमोजिमका वि.व्य.समितिको पदावधि तीन वर्षको हुनेछ ।
(७) संस्थागत विद्यालयको रेखदेख तथा सञ्चालन गर्नको लागी देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।
क) विद्यालयको संस्थापक वा लगानीकर्ता मध्येबाट विद्यालयको सिफारिसमा शिक्षा अधिकृतद्वारा मनोनित –अध्यक्ष
ख) अभिभावक मध्येबाट १ महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना –सदस्य
ग) स्थानीय समाजसेवी वा शिक्षाप्रेमी मध्येबाट सो समितिद्वारा मनोनित एकजना –सदस्य
घ) शिक्षा प्रमुख –सदस्य
ङ) शिक्षक प्रतिनिधि –सदस्य
च) विद्यालयको प्रधानाध्यापक –सदस्य । सचिव
(८) उपनियम (७) बमोजिमका वि.व्य.स.को पदावधि तीन वर्षको हुनेछ ।
(९) वि.व्य.स.सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।
(१०) सम्बन्धित वडाको वडाध्यक्ष वडाभित्र सञ्चालित विद्यालयहरुको संरक्षक रहनेछ र विद्यालय व्यवस्थापन समितिको बैठकमा निजलाई आमन्त्रित गरिनेछ ।
(११) गाउँपालिका अध्यक्ष, गाउँपालिका भित्रका विद्यालयहरुको संरक्षक रहनेछ ।
(१२) वि.व्य.स.ले विद्यालयको शैक्षिक गुणस्तर कायम गर्नका लागि शिक्षक अभिभावक संघ गठन गर्नेछ ।
२३. विद्यालय व्यवस्थापन समितिको विघटन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।
क. विद्यालय व्यवस्थापन समितिको विघटन तोकिएबमोजिम हुनेछ ।
ख. उपदफा (क) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म बढीमा ६ महिनाको लागी विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । यो ऐन तथा ऐन बमोजिम नियमावली जारी भए पछि विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरुले बढीमा तीन महिनाभित्र यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नु पर्नेछ । विशेष परिस्थितिमा विद्यालयको अनुरोधमा गाउँकार्यपालिकाले एक महिनासम्मको समयावधि थप गर्न सक्नेछ । यो ऐन लागु हुँदाका बखत प्रचलित नियम अनुसार गठन भएको समितिले आफ्नो कार्यकाल अवधि रहँदासम्म काम गर्नेछ ।

**२४. विद्यालयको विधान :-**

(क) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरिएको विधान अभिभावक भेलाबाट पारित गराई लागू गर्नु पर्नेछ ।
(ख) अभिभावक भेलाबाट विधान आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।
(ग) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति,प्रधानाध्यापक/प्रवन्धक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।
(घ) अध्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट १५ दिनभित्र व्यवस्थापन समितिले गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।
(ङ) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ ।

**२५. गाउँपालिका शिक्षा विकास कोष :-**

(१) सामुदायिक र धार्मिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँस्तरमा एक गाउँ शिक्षा विकास कोष रहनेछ ।
(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-
(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,
(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,
(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,
(घ) दाताहरुबाट प्राप्त सहयोग रकम,
(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

**२६. कोष सञ्चालन :-**

(१) दफा (२५) बमोजिमको कोषको कोष सञ्चालन समिति देहाय बमोजिम रहनेछ :
(क) गाउँपालिका अध्यक्ष अध्यक्ष
(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य
(ग) गाउँ शिक्षा समितिद्वारा मनोनित सो समितिको सदस्य एक जना सदस्य
(घ) गाउँकार्यापालिकाले वडाध्यक्षहरु मध्येबाट मनोनित गरेको दुई जना सदस्य
(ङ) गाउँ सभाद्वारा मनोनित सो समितिको सदस्य एक जना सदस्य

बिरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

(च) शिक्षा प्रमुख सदस्य (सचिव)

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार तथा बैठक तोकिए बमोजिम हुनेछ।

(३) कोषको खाता सञ्चालन शिक्षा अधिकृत र गाउँपालीकाको लेखा सम्बन्धि काम गर्ने कर्मचारीको सयुक्त दस्तखतबाटहुनेछ।

**२७. विद्यालय कोष:-**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँपालिका शिक्षा विकास कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र सामाजिक परीक्षण तथा लेखापरीक्षण तोकिए बमोजिम हुनेछ।

**२८. गाउँपालिकाले निर्देशन दिन सक्ने:-**

(क) गाउँपालिकाले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू दिन सक्नेछ।

(ख) उपदफा (क) बमोजिम दिइएको निर्देशनको पालना गर्ने विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**२९. विद्यालयको सम्पत्ति:-**

(क) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाभिने विद्यालयको नाममा स्वत: स्थानान्तरण हुनेछ।

(ख) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन।

(ग) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(घ) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिको अनुमति लिनु पर्नेछ। तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(ङ) नेपाल सरकारको वा गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको/ गाउँपालिकाको स्वीकृति वेगर बेचबिखन गर्न पाइने छैन।

**३०. विद्यालयलाई छुट र सुविधा:-**

(क) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय,धार्मिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(ख) उपदफा (क) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले गाउँपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

(ग) सामुदायिक विद्यालय, धार्मिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

**३१. अनुमति वा स्वीकृति रद्द गर्ने:-**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**३२. विद्यालयको वर्गीकरण:-**

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

**३३. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्ने**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गरिनेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछन्।

**३४. शुल्कसम्बन्धी व्यवस्था:-**

(क) नेपाल सरकारले नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाको लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार वा सहयोग सामुदायिक विद्यालयले लिन सक्ने छ।

(ग) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

(घ) उपदफा (क) बमोजिम नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(ङ) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुन: सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(च) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

विरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

(छ) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(ज) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँकार्यपालिकाले तोकिएबमोजिम जरिवाना गर्न सक्नेछ ।

**३५. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने:-**

गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गरिनेछ ।

**३६. शिक्षक कर्मचारीलाई अन्य काममा लगाउने सम्बन्धमा**

(क) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षण वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाइने छैन ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन वा अनुमति दिन सकिनेछ ।

(ग) माथि जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा असर नपर्ने गरी विद्यालय व्यवस्थापन समिति र गाउँपालिकाको अनुमति लिई अन्य शिक्षण संस्थामा अध्यापन कार्य गर्न बाधा पुगेको मानिने छैन ।

**३७. शिक्षकको नियुक्ति :-**

१. स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय तथा प्रादेशिक कानुनमा तोकिए बमोजिम हुनेछ । विद्यालयमा रिक्त दरबन्दी तथा राहत शिक्षक दरबन्दीमा अस्थायी तथा करार शिक्षक नियुक्तिको व्यवस्था गर्न देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष – संयोजक
(ख) विषय विज्ञ दुईजना – सदस्य
(ग) गाउँपालिकाको शिक्षा अधिकृत वा निजले तोकेको प्रतिनिधि – सदस्य
(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

२) छनौट सम्बन्धि कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ । गाउँ शिक्षा समितीका अध्यक्ष छनौट समितीका संरक्षक रहने छन्

२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा वि.व्य.स.को सिफारिसमा शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुखले विज्ञापनको अनुमति दिन सक्नेछ ।

३. कुनैपनि आधारभूत तह (१–५) विद्यालयमा कुनैपनि कारणले दरबन्दी रिक्त हुन आएमा शिक्षा नियमावलीको नियम ९१ को उपनियम १ बमोजिम अनुमति दिई नियुक्ति दिनुपर्नेछ ।

**३८ शिक्षकको सरुवा :-**

(१) सरुवा हुन चाहाने स्थायी शिक्षकले तोकिय बमोजिमको निवेदन फारम भरि गाँउ शिक्षा समितिमा निवेदन दिनुपर्नेछ ।

(२) करार दरबन्दी र राहत शिक्षकले गाउँ क्षेत्र भित्र सरूवा हुन चाहेमा सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको सहमति र अनुमति सहित गाँउ शिक्षा समितिमा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (१)र (२) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यसतो शिक्षकलाई सरुवा गर्न सक्नेछ । तर त्यसरी सरुवा गर्दा निवेदक कार्यरत स्थानको नगरपालिका वा गाउँपालिकाको सहमति लिई गाँउ शिक्षा समितिको निर्णय बमोजिम सरुवा गर्न सकिनेछ ।

(४) उपदफा (१) , (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा पाँच बर्ष सेवा अवधि पुरा गरेको स्थायी शिक्षकलाई तोकिय बमोजिमको मापदण्डको आधारमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले आफ्नो गाँउपालिका भित्रको कुनैपनि विद्यालयमा सरुवा गर्न सक्नेछ । तर दरबन्दी मिलान गर्दा वा तोकिए बमोजिमको विशेष कारणबस कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरि नहुने भएमा त्यस्तो शिक्षको एउटै विद्यालयमा पाँच बर्ष पुरा नभएको भएपनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

(५) स्थायी नियुक्ति लिएको एक बर्ष नपुगेको शिक्षक र अनिवार्य अवकास हुन एक बर्ष वा सोभन्दा कम अवधी बाँकी रहेको शिक्षको सामान्यतया सरुवा गरिने छैन ।

**३९. स्वयम सेवक शिक्षक तथा कर्मचारी नियुक्त गर्न सक्ने**

(१) गाउँपालिकाले गाउँपालिका अन्तर्गतका विद्यालयहरुको शिक्षक न्युनता परिपूर्ति गरी शैक्षिक गुणस्तर सुधार गर्न स्वयम सेवक शिक्षक तथा कर्मचारीको नियुक्ति गर्न सक्नेछ । सो परियोजनका लागि गाउँपालिका स्तरमा देहाय बमोजिमको छनौट समिति रहनेछ ।

(क) शिक्षा प्रमुख वा प्रमुखले तोकेको व्यक्ति संयोजक
(ख) शिक्षा प्रमुखले तोकेको गाउँपालिकाको अधिकृत स्तरको कर्मचारी सदस्य
(ग) शिक्षा प्रमुखले मनोनित गरेको विषय विज्ञ दुई जना सदस्य
(घ) शिक्षा शाखाको प्रशासन हेर्ने कर्मचारी (प्रा.स.) सदस्य सचिव

(२) विद्यालयहरुमा रहेको मौजुदा दरबन्दी, सञ्चालित कक्षा र किवद्यार्थी संख्याको आधारमा विद्यालयगत रुपमा तहगत एवं विषयगत थप शिक्षकको आवश्यक्ता सम्बन्धमा गाउँ शिक्षा समितिले गरेको सिफारिसलाई आधार मानी गाउँकार्यपालिकाले सृजना गरेको दरबन्दीमा करार शिक्षक पदका लागि यस समितिले छनौट तथा सिफारिस सम्बन्धि कार्य गर्नेछ ।

(३) छनौट सम्बन्धि कार्यविधि छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) दफा (३९) (१) बमोजिम नियुक्त हुने करार शिक्षकहरुको कार्यअवधि एक बर्ष भन्दा बढी हुने छैन तर म्याद थप हुन सक्ने छ र करार शिक्षकहरुको सेवा शर्त र सुबिधा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(५) करार शिक्षक तथा कर्मचारी नियुक्त गर्ने समितिमा रहने दुइजना रोस्टर शिक्षकहरु शिक्षा,युवा तथा खेलकुद शाखामार्फत नियुक्ति प्राप्त गरेका शिक्षकहरु मध्येबाट शिक्षा प्रमुख द्वारा छनौट गरिनेछ ।

**४०. दरबन्दी मिलान:-**

तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सक्नेछन् ।

**४१. संस्थागत विद्यालयको छात्रवृत्ति**

बिरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

(क) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाउँ शिक्षा अधिकृत वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(ग) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ ।

(घ) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा, आधार सहित सार्वजनिक सूचना गर्नुपर्नेछ ।

**४२. तलब भत्ता र सेवा गणना सम्बन्धमा**

नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

**४३. प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था:**

(क) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(ख) उपदफा (क) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ग) हालसम्म उपलब्ध प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको सुविधा सम्बन्धमा भएको व्यवस्था यथावत रहने छ ।

तर ,

(घ) विद्यालयका प्रधानाध्यापक, सहायक प्रधानाध्यापक तथा विद्यालय कर्मचारीहरुको थप सुविधा गाउँपालिकाले उपलब्ध गराउन सक्नेछ ।

**४४. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:-**

(क) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(ख) विद्यालयमा अध्ययनरत् बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**४५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन:-**

(क) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई कोचिङ/टयूसन कक्षा, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(ख) उपदफा (क) बमोजिम शैक्षिक कार्यक्रम, कोचिङ/टयूसन कक्षा, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४६. प्रगति विवरण बुझाउनु पर्ने :-**

सबै किसीमका विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको प्रगति विवरण गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

**४७. दण्ड सजाय**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई तोकिएबमोजिम सजाय हुनेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई तोकिएबमोजिम सजाय हुनेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा, (ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, कोचिङ/टयूसन कक्षा, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

**४८. पुनरावेदन :-**

गाउँकार्यपालिकाले गरेको सजायको आदेश उपर प्रचलित कानुन वमोजिम पुनरावेदन लाग्नेछ ।

**४९. नियम बनाउने अधिकार:-**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**५०. गाउँकार्यपालिकाले आवश्यक कार्य गर्न सक्ने**

यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावलीमा व्यवस्था नभएसम्म गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

**५१. बाधा अडकाउ फुकाउने अधिकार:**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५२. बचाउ र लागू नहुने:**

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(ख) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(ग) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वत: निस्कृय हुनेछ ।

(घ) यस अघि कानुन वमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन वमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन ।

(ङ) यस अघि भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

आज्ञाले
बिरेन्द्र मल्ल
प्रमुख प्रशासकीय अधिकृत

बिरेन्द्र मल्ल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner